प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, कास्की**

फोन नं: 061-461250
ईमेल: akckashki@gmail.com
वेबसाईट: akckaski.gov.np

पत्र संख्याः २०७८/७९

चलानी नं

मितिः २०७८/१०/१०

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

कृषि ज्ञान केन्द्र, कास्की, आ.व.२०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि समुह तथा सहकारी संस्थाले मिति २०७८ माघ २५ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । *कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।*

### तपशिल

| क्र. स | कार्यक्रमको नाम | सहभागी हुनसक्ने आवेदकको किसिम | लक्ष्य | विनियोजित बजेट रु हजारमा | अधिकतम अनुदानको सहयोग (स्विकृत बजेटको परिधिभित्र रही) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|---|
| १. | विशेष वाली प्रबर्धन कार्यक्रम (वाली: कागुनो) | कृषक समूह/ कृषि सहकारी | ५ वटा | ५०० | बढीमा ९० % | क्लष्टरमा कम्तीमा कम्तीमा १० घरधुरी र कम्तीमा ३० रो. कागुनो खेती गर्नुपर्ने। |
| २. | जिल्लास्तर बिउविजन आत्मनिर्भर कार्यक्रम (वाली: **मकै जात : अरुण २**) | कृषि फर्म/कम्पनी/ कृषक समूह/ कृषि सहकारी | १० पटक | १००० | बढीमा ५० % | वीउ उत्पादनको अनुमति लिएका वा वीउ उत्पादन गर्न ईच्छुक कृषक कृषक समुह कृषि सहकारी संस्था कृषि कम्पनी कृषि फर्म |
| ३. | स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम | कृषि फर्म/कम्पनी/ कृषक समूह/ कृषि सहकारी | ५ वटा | १५०० | बढीमा ५० % | कम्तीमा २५० वर्गमिटर प्लाष्टिक घर नर्सरी घरमा न्यूनतम २००० बहुवर्षिय फलफूल विरुवा वार्षिक रुपमा हुनुपर्ने र कम्तीमा २०,००० मौसमी तरकारी वेर्ना उत्पादन हुनुपर्ने। सुन्तलाजात फलफूलकोहकमा १००० मि. भन्दा माथिको स्थान हुनुपर्ने। |

**आवश्यक कागजातहरुः**

१.निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२.सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३.सम्बन्धित स्थानिय तहको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको, सम्बन्धित वडाको सिफारिश)

४.खेति विस्तारहुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।

५.कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,

६. व्यक्तिगत कृषकको हकमा नागरिताको प्रतिलिपि

**थप जानकारीको लागि ०६१-४६१२५०, ९८५६००१३४४, ९८४६३११२९३, ९८५६०३७४३५, ९८५७६२१३४१ मा सम्पर्क गर्न सकिनेछ ।**

शालिकराम अधिकारी
प्रमुख
(अधिकृत स्तर नवौं)